# रेडियोसँग चिनजानः ग्रामोफोनदेखि एफएमसम्म

**विनय कसजू**

आफ्नो पसलअगाडि गाउँका मानिसहरूको जमघट देख्यो कि गुजे काका ग्रामोफोन बजाउन थाल्थे । त्यो भेकमा ग्रामोफोन अरू कसैकहाँ पनि थिएन । गाउँमा त झन् हुने कुरै भएन । बज्ने र बजाउने वस्तुमा मादल, खैंजडी र पञ्चेबाजासँग मात्रै परिचित गाउँलेहरूका लागि ग्रामोफोन अचम्मको आकर्षण थियो भने काकाका लागि आफ्नो व्यापार बढाउने साधन थियो । गाउँका महिलाहरू ग्रामोफोनको नजिकै बसेर गीत र भजन सुन्दै काकाको पसलमा कपडा किन्थे । "आम्मै यो बाकसभित्र मान्छे छ कि क्या हो ?" भनेर उनीहरूले टिप्पणी गर्दा हामी केटाकेटीलाई साँच्चै हो कि जस्तो लाग्थ्यो ।

गुल्मी र पाल्पा जिल्लाको साँधमा बसेको रिडीबजार अहिले पनि पवित्र तीर्थको रूपमा नामी छ । हरेक महिनाको सङ्क्रान्ति, एकादशी, औँसी र केही उल्लेखनीय पूर्णे, विभिन्न चाड पर्व, ग्रहण आदिको दिनमा वरिपरिका गाउँबाट मानिसहरू काली गण्डकीमा नुहाउन र ऋषिकेशको दर्शन गर्न अहिले पनि रिडीमा आउँछन् । मानिसको अन्तिम संस्कार गर्ने यो प्रसिद्ध घाट नै हो ।

मानिसहरूको यही नियमित जमघटको कारणले गर्दा रिडीमा पहिलेदेखि सानो बजार छ। बजार भएपछि नेवारहरू नहुने कुरै भएन। त्यही बजारमा गुजे काकाको पनि कपडा र तमाखुको पसल थियो।

यो २०१४/१५ सालतिरको कुरा हो। गुजे काकाले ग्रामोफोन बजाएको सुन्नेबित्तिकै टोलका केटाहरू काकाको पसलमा झुम्मिन्थे। ग्रामोफोनमा बजाइने रिकर्डमा एउटा कुकुर धतुराको फूलजस्तो लाउडस्पिकर अगाडि बसेको दृश्य रमाइलो लाग्थ्यो मलाई। रिकर्ड उत्पादन गर्ने कम्पनी 'हिज मास्टर्स भ्वाइस' (एचएमभी) को प्रतीक चिन्ह रहेछ त्यो।

ग्रामोफोनको रहस्य बुझ्न नपाउँदै रिडीमा रेडियो आयो, जसले गीत र भजनमात्रै होइन, समाचार र भाषण पनि सुनाउँथ्यो। त्यसलाई दम दिनु पर्दैनथ्यो, ब्याट्रीले चल्थ्यो तर त्यस बेलाको ब्याट्री अचेलको जस्तो कान्छी औँलाजत्रो हुँदैनथ्यो। एक पाथी मकै अटाउने बाकसजत्रो हुन्थ्यो र निक्कै गह्रुङ्गो पनि हुन्थ्यो। रेडियोको आकार पनि ब्याट्रीभन्दा सानो हुँदैनथ्यो। रेडियो जति ठूलो भयो ब्याट्री पनि त्यसैअनुसार ठूलो हुन्थ्यो। रेडियोको एन्टेना हुन्थ्यो झन् विचित्रको। घरको छाना वा धुरीमा झण्डै दस फिटको दूरीमा दुइटा खम्बाको बीचमा घिरौँलाको जालोजस्तो तार वारपार टाँगिएको हुन्थ्यो। त्यसबाट तामाको तार घरभित्र ल्याएर रेडियोमा जोडिएको हुन्थ्यो। चटचाङबाट जोगिन त्यही तारको एउटा छेऊ चिसो भुइँको मुन्तिर गाडेर 'अर्थिङ' गरिएको हुन्थ्यो।

रेडियोलाई अविस्मरणीय गराउने एउटा घटना थियो २०१७ सालको राजनीतिक परिवर्तन। त्यस बेलासम्म रिडीमा तीनचार घरमा रेडियो आइसकेको थियो। रेडियो नेपालको प्रसारण सुन्न त सकिन्थ्यो, तर अलि अस्पष्ट सुनिन्थ्यो। मिडियमवेभ प्रसारण प्रणाली आइसकेको थिएन। दिल्लीको आकाशवाणी र कोलम्बोको रेडियो सिलोन स्पष्ट सुनिन्थ्यो। रेडियो सिलोनले समाचार प्रसार गर्दैनथ्यो। पुस १ गतेको शाही कदमको बारेमा रिडीका युवाहरूले रेडियोबाटै सुनेका थिए। राजा महेन्द्रको शाही घोषणा धेरै पटक प्रसारण भएको थियो। शाही कदमबारे थाहा पाउनेबित्तिकै रेडियोको वरिपरि युवाहरू झुम्मिएका थिए। हवाईजहाजबाट राजाको घोषणा छापिएको पर्चा खसालिएको थियो पनि भन्थे।

त्यस बेला रिडी अर्गलीमा जुद्ध शमशेरको दरबारमा नर्मल स्कूल चलेको थियो, जसमा शिक्षकहरूलाई तालिम दिइन्थ्यो। स्कूलमा भारतको बनारसमा छापिने *आज* नामक हिन्दी दैनिक पत्रिका आउँथ्यो। *आज*को एउटा वाक्य "राजा महेन्द्रले प्रजातन्त्रको बेर्नालाई जरैदेखि उखेलेर फालिदिए" कतिपय युवाहरूले छलफलको मेसोमा दोहोऱ्याउने गर्थे। उनीहरूको भनाइअनुसार भारत राजाको

कदमबाट असन्तुष्ट छ । युवाहरू भारतले हस्तक्षेप गर्नसक्छ भन्ने अड्कल पनि गर्थे ।

रेडियोको महत्त्वलाई सम्झाउने अर्को घटना हो बेलायतकी महारानी एलिजावेथ द्वितीयाको नेपाल भ्रमण । बेलायतकी महारानीलाई हेर्न के त्यस्तो उत्सुकता र महत्त्व थियो रिडीवासीहरूको मनमा, मैले अझै बुझ्न सकेको छैन । एलिजावेथ काठमाडौँ आउने खबर रेडियोबाट सुनेपछि रिडीका केही महिला तथा पुरुषहरू काठमाडौँ गए पनि ।

त्यसो त रिडीमा २००७ सालको परिवर्तनभन्दा पहिले नै रेडियो पुगिसकेको थियो भन्ने पत्रकार आदित्यमान श्रेष्ठको भनाइ छ । रिडीमै जन्मी हुर्केका हाम्रा छिमेकी र मभन्दा १० वर्षले जेठा आदित्यमान श्रेष्ठ भन्नुहुन्छ– “रिडीमा सातसालमै यज्ञप्रसादले रेडियो ल्याउनु भएको थियो । उहाँले गोप्य रूपमा क्रान्तिकारीहरूको रेडियो सुन्नुहुन्थ्यो । रेडियो सुनेर अब के के हुनेवाला छ भनेर मेरा पिताजीलाई भन्नु हुन्थ्यो । उहाँहरूबीच मसिनो स्वरमा कुराकानी हुने गरेको मलाई सम्झना छ ।”

यज्ञप्रसाद मेरा जेठाबाका जेठा छोरा हुनुहुन्थ्यो । उहाँलाई मानिसहरू नरजङ्ग भनेर चिन्थे । उहाँले पछि केही दिन रिडीमा हाते प्रेस चलाउनु भयो र बुटवलमा लेटर प्रेस स्थापना गर्नु भयो । उहाँका धेरै सोखहरू थिए, तर युवाअवस्थामै २०१४ सालमा उहाँको देहावसान भयो ।

२०१६ सालको अन्तसम्ममा हाम्रो घरमा पनि रेडियो आइसकेको थियो । रेडियो लाइसेन्समा मेरो दाइ र जेठो बुवाको छोराको गरी दुई जनाको नाम भएको हुनाले त्यो रेडियो हाम्रा बाहरू छुट्टिभिन्न हुँदा हाम्रो भागमा परेको हुनुपर्छ र जेठाबाको घरमा अर्को रेडियो हुनुपर्छ । रेडियो बजाउने कुरामा बुवा र जेठो दाइको बीचमा प्रायः तनाव भइरहन्थ्यो । यसका विभिन्न कारणहरू थिए । हाम्रो परिवार व्यापारिक पृष्ठभूमिको थियो । छोराहरू रेडियोको समाचार सुनेर राजनीतितिर नलागून्, सरकारविरोधी टीकाटिप्पणी नगरून् र त्यस्ता गतिविधिमा नलागून् भन्ने पिताजीको भित्री मनसाय हुनुपर्छ किनभने अरू बेला रेडियो ठूलो स्वरले बजाए पनि अल इण्डिया रेडियोबाट समाचार आउँदा उहाँले रेडियोको स्वर घटाउन आदेश दिनुहुन्थ्यो । बाहिरी रूपमा उहाँले रेडियो सुन्दा ब्याट्री धेरै खर्च हुन्छ भन्नुहुन्थ्यो ।

हुन पनि त्यस बेला ब्याट्री किन्न योजना नै बनाउनु पर्थ्यो । नेपालमा ब्याट्री पाइँदैनथ्यो । सीमानाको भारतीय बजार नौतनवाबाट झिकाउनु पर्थ्यो । धेरै समय लाग्थ्यो । गह्रुङ्गो भएकाले बुटवलबाट भरियाको भारीमा राखेर ल्याउनु

पर्थ्यो । ठोक्किएर फुटचो भने ब्याट्रीभित्रको तेजाब चुहेर भारीको अरू मालसामान बिग्रन सक्थ्यो । त्यसैले ब्याट्री ल्याउँदा बडो जतन गर्नुपर्थ्यो ।

हाम्रो घरमा कपडा पसल थियो र पसलमै रेडियो राखिएको थियो । नियमित सुन्ने कार्यक्रममा अल इण्डिया रेडियोको नेपाली कार्यक्रम थियो । रेडियोबाट समाचार, गीत, नाटक, चिट्ठीपत्र, फर्माइसी गीत प्रसारण हुन्थ्यो । त्यसको एउटा अविस्मरणीय कार्यक्रम *समाचार दर्शन* हुन्थ्यो । यसमा समाचारसँगै नेताहरूले बोलेका कुरा उनीहरूकै स्वरमा दिइन्थ्यो र यो कार्यक्रम धेरैको लागि आकर्षक थियो । मैले सबैभन्दा पहिले भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूको स्वर सुनेको त्यही कार्यक्रममा हो । नेपालको राजनीतिक खबर र अन्तर्राष्ट्रिय समाचारको लागि अल इण्डिया रेडियोलाई विश्वसनीय मानिन्थ्यो । हामी नेपालको राजनीतिभन्दा भारतको राजनीतिसँग बढी परिचित हुन्थ्यौँ ।

अल इण्डिया रेडियोको नेपाली कार्यक्रम घरमा सुने पनि अरू कार्यक्रम सुन्न म प्रायः तीन घर परको पसलमा जान्थेँ । त्यहाँ दिनभरिजसो रेडियो सिलोनबाट हिन्दी फिल्मका गीत बज्थे । अमिन सयानीको प्रभावकारी उद्‌घोषण अहिले पनि बिर्सन गाह्रो छ । साँझ आकाशवाणीबाट सुनाइने *विविध भारती* नामक गीतिकार्यक्रम र साँझ बिहान देवकीनन्दन पाण्डेको वजनदार समाचार वाचनले हामीलाई हिन्दी भाषा बोल्न र सिक्न सघाउँथ्यो । स्कूलमा पाण्डेले जस्तो गरी हिन्दी भाषा बोल्न हामी नक्कल गर्थ्यौं । कहिलेकाहीँ स्कूलमा हुने वादविवाद र सांस्कृतिक कार्यक्रममा हिन्दीमा बोल्दा र हिन्दी गीत गाउँदा गर्व गर्थ्यौं । छिमेकको पसलमा ग्राहकहरूलाई बस्नको लागि राखिएको काठको बाकस रेडियोको गीतको तालमा हातले बजाएर मैले तबला बजाउन सिकेको थिएँ ।

काँधमा भिरेर सुन्न मिल्ने ट्राञ्जिस्टर रेडियो हाम्रालागि अर्को अनौठो वस्तु थियो । अहिलेको प्रमुख जिल्ला अधिकारीजस्तो तर त्योभन्दा धेरै अधिकारयुक्त, गुल्मी जिल्लाका त्यो बेलाका बडाहाकिम नन्दबहादुर शाह रिडीमा आउँदा भव्य स्वागत कार्यक्रम आयोजना गरिएको थियो । अघिल्लो पङ्क्तिमा उभिएर स्वागत गान गाउने विद्यार्थीहरूमा म पनि थिएँ । त्यही मेसोमा मैले बडाहाकिमका अङ्गरक्षकको काँधमा पहिलो पटक ट्राञ्जिस्टर रेडियो देखेँ । धुरीमा एन्टेना टाँग्न नपर्ने, डेढ हात लामो फलामे सुइरोले एन्टेनाको काम गर्ने, टर्च लाइटमा राख्ने चारओटा ब्याट्रीले चल्ने अनि काँधमा बोकेर हिँडदै सुन्न मिल्ने त्यो रेडियोबारे रिडी बजारमा केही दिनसम्म निक्कै चर्चा चल्यो । यो त्यस्तै २०१५/१६ सालतिरको कुरा हो ।

साविकका रेडियोभित्र सिसाका रित्ता भाल्भ हुन्थे । भाल्भको दुई छेउबीच प्रवाह हुने विद्युत करेण्टको घट्बढ्को आधारमा रेडियो चल्थ्यो र यसको लागि धेरै बिजुली चाहिन्थ्यो । तर ट्राञ्जिस्टर रेडियो विद्युतको छोटो सर्किटमा प्रवाहित हुने करेन्टको आधारमा चल्ने हुनाले थोरै बिजुली भए पुग्थ्यो । त्यसको आकार पनि सानो हुन्थ्यो । ट्राञ्जिस्टर रेडियोको बजारभाउ सस्तो भएपछि भारत र विभिन्न देशमा जाने लाहुरेहरूले घर फर्कंदा ट्राञ्जिस्टर पनि ल्याउने गर्थे । तिनै लाहुरेले ल्याएका ट्राञ्जिस्टर रिडीका व्यापारीहरूले पनि किन्न थाले । ट्राञ्जिस्टर रेडियोको प्रचलन बढ्दै गयो । भाल्भ प्रविधिको रेडियो बिस्तारै हराउँदै गयो ।

रेडियोको प्रचलन बढेपछि रिडीमा पुरेत्याइँ गर्ने पुरेतहरूले आफ्नो पेशाको पक्षमा एउटा नयाँ तर्क फेला पारेका थिए । उनीहरू भन्ने गर्थे– “हेर, बेलायत, अमेरिका कहाँ हो कहाँ बोलेको कुरा यहाँसम्म आइपुग्छ भने हामीले मन्त्रका बलले पठाएको दानका मालसामान किन स्वर्गसम्म पुग्दैन ?” पितृलाई तर्पण दिन उपयोग गरिने खगौतो गैँडाको छालाको बनेको हुनाले रेडियो यन्त्रमा गैँडाकै खाग प्रयोग गरेको हुन्छ भन्न पुरेतहरू चुक्दैनथे । २०२७ सालमा मेरा जेठा दाजुको निधन हुँदा शोक विह्वल आमाले दाइको अत्यन्तै प्यारो सानो ट्राञ्जिस्टर रेडियो पनि पुरेतलाई दान गर्न लगाउनु भएको थियो । स्वर्गमा कुनै रेडियो स्टेसन छैन भन्ने तर्क सुन्ने मानिस त्यस बेला कोही थिएन । मरेका मानिसको प्रियवस्तु दान गर्ने भावना नै प्रमुख थियो ।

गीत सुन्नका लागि चाडपर्व, मेला, वा गाइनेलाई पर्खनु पर्ने, मनोरञ्जनका साधन अत्यन्तै सीमित भएको त्यस बेलामा रेडियो गाउँमा निक्कै महत्त्वको साधन बनेको थियो । विशेष गरी रेडियो स्टेसनलाई चिट्ठी लेखेर गीत फर्माइस गर्ने कार्यक्रम युवाहरूमाझ विशेष लोकप्रिय थियो । फर्माइसी गीतहरू रेडियो सिलोन, अल इण्डिया रेडियो र रेडियो नेपालबाट पनि बज्थे । त्यस बेला यी तीनओटै स्टेसनबाट गीत फर्माइस गर्ने केही नेपालीहरूको नाम धेरैलाई थाहा थियो । वीरगञ्जका सलमान हवारी र बेगम ताज्मा हवारी, अर्को पनि एउटा जोडीको नाम नियमित सुनिने नामहरू थिए । कहिलेकाहीँ कसैकसैले थाहै नदिई अर्काको नाम फर्माइसकर्ताको रूपमा लेखिदिएर अप्ठचारो स्थिति ल्याइदिन्थे । कसैले ठट्टामा त कसैले रिस फेर्न पनि दुई जना युवकयुवतीको नाम सँगै राखेर पठाइदिन्थे । सानो ठाउँमा सबैले सबैलाई चिन्थे । केही दिन युवा संसार तरङ्गित हुन्थ्यो ।

शनिबारको दिन दिउँसो रेडियो नेपालबाट प्रसारण हुने रेडियो नाटक निक्कै लोकप्रिय कार्यक्रम थियो । प्रेम र विछोडका यस्ता नाटकहरू सुन्न विशेष गरी

युवाहरू उत्सुक हुन्थे । छुट्टी अर्थात् शनिबारको दिन रिडी खोलामा नुहाउने र लुगा धुने विद्यार्थी, शिक्षक र अरूको पनि नियमित कार्यजस्तै हुन्थ्यो । रेडियो नाटक सुनेपछि मात्रै नुहाउन जाने वा चाँडैचाँडै नुहाएर रेडियो सुन्न फर्कने भन्ने सल्लाह हुन्थ्यो । कसैकसैले ट्रान्जिस्टर रेडियो साथमा लैजान्थे र खोला किनारमै नुहाउँदै वा लुगा धुँदै नाटक सुन्थे । यो एक खालको सान देखाउने काम पनि थियो ।

रेडियोमा सुनेका कतिपय गीतहरू हामीलाई मुखाग्र हुन्थ्यो, तर त्यसको भाव हामीलाई थाहा हुँदैनथ्यो । भावसँग हामीलाई त्यति मतलब पनि हुँदैनथ्यो । एकपल्ट खोलामा पौडी खेल्दै मैले एउटा गीत गाइरहेको थिएँ । "ओ दूरके मुसाफिर हमको भी साथ ले ले ।" संयोगले एक जना भारतीय जोगी खोलापारि बगरको बाटो एक्लै जाँदै थियो । गीत सुनेर ऊ टक्क रोकियो र मलाई आफूतिर बोलाउन थाल्यो । जोगीले केटाकेटीलाई लैजान्छ भन्ने सुनेको थिएँ । मलाई डर लाग्यो । खोलाको पाखा लागेर लुगा लाएँ र हतारहतार घर फर्कें । आमालाई यो घटना सुनाएपछि उहाँले गीतको आसय मलाई बुझाउनु भयो । उहाँको माइत तराइमा भएको हुनाले उहाँ हिन्दी बुझ्नुहुन्थ्यो ।

२०१८ सालको अन्ततिर अध्ययनको लागि काठमाडौं गएँ । फर्पिङस्थित त्रिभुवन आदर्श विद्यालय त्यस बेलाको जल्दोबल्दो नेपाली विद्यालय थियो । साहित्यकार धरणीधर कोइराला र फणीन्द्रराज खेताला त्यहाँ हुनुहुन्थ्यो । दुई वर्ष त्यो आवासीय विद्यालयमा बस्दा मलाई नियमित रूपले रेडियो सुनेको सम्झना छैन । आक्कलझुक्कल सुनियो होला । खास गरी छुट्टीको दिन फर्पिङ बजार हुँदै दक्षिणकालीतिर घुम्न जाँदा । छात्रावासभित्र रेडियो बजाउन पाइन्नथ्यो । तर रेडियोमा प्रसारित विषयमा बेलाबेलामा चर्चा हुन्थ्यो । यसैले प्रिन्सिपल र वार्डेन अथवा केही शिक्षकहरूको कोठामा रेडियो भएको हुनुपर्छ । फणीन्द्रराज खेतालाले टुँडिखेल नजिकको अहिलेको बिजुली अड्डा भएको घरबाट रेडियो प्रसारण भएको र त्यहाँ श्री ३ प्रधानमन्त्रीको उपस्थितिमा कविता वाचन गर्दा खिचेको फोटो कस्तो आयो भन्ने रमाइलो घटना सुनाउनु भएको थियो । प्रत्यक्ष प्रसारण भएको त्यो कविगोष्ठीमा बक्स क्यामेराले फोटो खिच्दा दकसले हात कामेर फोटोमा आफ्नो हात देखिएको थियो रे ।

त्यस बेला रेडियोमा बज्ने गीतका गायकहरूमध्ये हिन्दी गीतका गायक गायिकाहरू केएल सहगल, आरडी बर्मन, मोहमद रफी, लता र उषा मङ्गेशकरदेखि किशोरकुमारसम्मका धेरै जनाको नाम थाहा थियो तर नेपाली कलाकारहरूमध्ये धर्मराज थापा, बच्चु कैलाश, कोइलीदेवी, तारादेवी आदि थोरैको मात्रै नाम थाहा

थियो । २०२० सालमा जेठा दाइ टोखाको सेनिटोरियममा बस्दा बच्चु कैलाशसँग एउटै कोठामा बस्नु भएको थियो । दाइलाई भेट्न गएको बेलामा बच्चु कैलाशलाई देख्दा निक्कै खुशी लागेको थियो मलाई ।

फर्पिङको स्कूलको जीप हाँक्ने ड्राइभरको नाम प्रायः रेडियोमा गीत फर्माइसकर्ताको रूपमा सुनिएको कुरालाई लिएर शिक्षकहरूले ड्राइभरसँग कुरा गरेको सुनेको थिएँ । ड्राइभरको भनाइअनुसार उसको एक जना नातेदार रेडियो नेपालका जागिरे नामी गायक थिए । वर्षभरि जो गायकको सबैभन्दा बढी फर्माइस आयो, उसलाई रेडियो नेपालले पुरस्कार दिने हुनाले उनका छोराछोरीहरूले परिवारको नाममा नियमित रूपमा गीत फर्माइस गर्ने रहेछन् । रेडियो नेपालमा पुरस्कृत हुने यस्तो सजिलो तरिका उस बेला पनि रहेछ ।

राजतन्त्र, पञ्चायती व्यवस्था र केन्द्रीय शासनलाई दरिलो बनाउन रेडियोको भरपूर उपयोग गर्ने प्रयास नेपालमा योजनावद्ध ढङ्गले गर्न थालिएको थियो । केन्द्रीय प्रसारणलाई शक्तिशाली बनाउनुको साथै जनताले रेडियो नेपालको मात्रै कार्यक्रम सुनून् भन्ने विशेष इन्तजाम गरियो । उदाहरणको लागि– रेडियो नेपाललाई गाउँगाउँमा पुऱ्याउन गाउँपञ्चायतहरूमा रेडियो सेट पठाइयो । जापानमा बनेको 'फिलिप्स' कम्पनीको त्यो रेडियो सेटमा रेडियो नेपालमात्रै टिप्नसक्ने गरी सेट गरिएको हुन्थ्यो । त्यो सेटको डिजाइन अरूको भन्दा केही फरक थियो र खरिदविक्री गरी नामसारी गर्न नमिल्ने व्यवस्था गरिएको थियो । रिडीमा पञ्चायत भवन बनिसकेको थिएन । यसैले प्रधानपञ्चको घरको झ्यालमा बजारतिर फर्काएर लाउडस्पीकर राखिएको हुन्थ्यो । साँझ बिहान लाउडस्पीकरबाट रेडियो नेपाल बजिरहन्थ्यो । यसरी रेडियो सुनिने व्यवस्थालाई 'श्रवण केन्द्र' भनिन्थ्यो । रेडियोको घरेलु प्रचलन बढेपछि बिस्तारै श्रवण केन्द्रको स्वर पनि बिलाउन थाल्यो । रिडीमा तीन वर्षजति श्रवण केन्द्र चल्यो ।

२०२० सालको एसएलसी परीक्षा दिएर फर्कंदा रिडीमा धेरै पसलमा ट्रान्जिस्टर रेडियो बज्न थालिकेको थियो । कसैले दराजमा त कसैले सामान सजाउने सोकेसमा रेडियो सजाएका हुन्थे । रेडियोसँग प्रायः छालाको कभर पनि हुन्थ्यो तैपनि मानिसहरूले मखमलको खोल सिउन लगाएर झोलाजस्तो भिर्न मिल्ने बनाएका हुन्थे । रेडियो भिरेर गाउँगाउँमा घुम्नु लाहुरे र तन्नेरीहरूको शोखको विषय थियो । बन्दुकको लागि लाइसेन्स आवश्यक भएजस्तै रेडियो भिरेर हिँड्दा रेडियोको लाइसेन्स साथमा हुनुपर्थ्यो । रेडियोको खरिदविक्री, खरखजानाको खरिदविक्रीसरह गौडा अर्थात् जिल्ला कार्यालयमा दर्ता गर्नुपर्थ्यो । गाउँपञ्चायतले त्यसको सिफारिस गर्नुपर्थ्यो । २०२४ सालमा उमेर नपुग्दै निर्विरोध प्रधानपञ्च

चुनिएपछि मैले पनि रेडियो लाइसेन्सको लागि सिफारिस पत्रमा सही गरेको थिएँ ।

रेडियोको प्रचलन बढ्न थालेपछि काठमाडौंमा, सम्भवतः २०२१ सालमा, रेडियो नेपालको मिडियमवेभ प्रसारण सुरु भयो । यसले गर्दा रेडियो नेपालको प्रसारण धेरै ठाउँमा पुग्न थाल्यो । उदीयमान पञ्चायती व्यवस्थालाई बलियो बनाउन रेडियोको यथाशक्य उपयोग सुरु भयो । यसै सन्दर्भमा २०२२ सालमा रेडियो नेपालको नेवार भाषाको समाचार बन्द गरिएपछि पुनः सञ्चालन गर्न गरिएको अभियान उल्लेखनीय छ । "थ्व रेडियो नेपाल ख । हरि श्रेष्ठअँ समाचार न्यँकी ।" यी दुई वाक्यबाहेक रिडीका नेवारहरूले उक्त समाचारमा अरू कुरा सायदै बुझ्नसक्थे । तैपनि पुनः सञ्चालनका लागि रिडीमा हस्ताक्षर अभियान चलाइएको थियो र मैले पनि सही गरेको थिएँ ।

२०२१ सालतिर श्रव्य प्रविधिको अर्को आश्चर्यसँग मेरो जम्काभेट भयो । मानिसले आफ्नो स्वर रेकर्ड गराएर सुन्नसक्ने रहेछ भन्ने कुरा त ग्रामोफोनबाटै थाहा भइसकेको थियो तर यो प्रविधि यति सजिलो र मेरो पहुँचमा पनि आउला भनेर मैले कल्पना पनि गरेको थिइनँ । २०२१ सालमा बनारसबाट छुट्टीमा घर आउँदा रेडियोजस्तै वस्तु देखें जसको माथितिर दुइटा चक्का घुमिरहेका थिए र गीत बजिरहेको थियो । एउटा चक्काबाट खैरो रङ्गको पातलो फिता अर्को चक्कामा सरिरहेको थियो । त्यो सुरुको मोडेलको टेपरेकर्डर रहेछ । मैले गुनगुनाएको हिन्दी गीत तुरुन्तै त्यो टेपरेकर्डरबाट मेरै आवाजमा सुनें । यो मेरालागि ठूलो आश्चर्य थियो । मदनमणि दीक्षितज्यूको उपन्यास *माधवी*मा राजाले पुरोहितलाई केही कुरा लेख्न 'डिक्टेट' गराएको र लेखिसकेपछि राजाले भनेको कुरा अक्षरशः पुरोहितले दोहोऱ्याएको सुन्दा नजिकै उभिएर सुनिरहेकी दासी आश्चर्यचकित र स्तब्ध भएझैं भयो मेरालागि यो घटना । मानव जातिले ज्ञान र सूचना लिपिवद्ध गरेर सुरक्षित र पुनः प्रयोग गर्न थालेको झण्डै चारहजार वर्ष भयो । यसैले अक्षर र किताब हाम्रालागि अनौठो कुरा होइन तर स्वर र ध्वनि सुरक्षित र पुनः प्रयोग गर्न थालेको सय वर्षजति मात्रै भयो होला । झन् रिडीमा यो प्रविधि आएको चालीस वर्षजति मात्रै भयो । पछि टेपरेकर्डरसँगै रेडियो पनि भएको 'टु इन वन' पनि आउन थाल्यो । ठूलो खालको चक्का र चौडा आकारको टेप भएको टेपरेकर्डर धेरै वर्ष चलेन । पाँचछ वर्ष नबित्दै त्यसको ठाउँ तासको पत्ताजत्रो क्यासेटले लियो ।

बनारसमा पढ्दा एउटै डेरामा बस्ने हामी तीनचार जना मिलेर एउटा रेडियो किनेका थियौं । रेडियो किन्नुपर्ने दुईतीन कारण थिए । २०२४ सालतिर भारत

र पाकिस्तानबीच युद्ध भएको थियो । लालबहादुर शास्त्री भारतका प्रधानमन्त्री थिए । पकिस्तानमा अयुव खाँ राष्ट्रपति थिए । युद्धको ताजा जानकारी पाउन अखबारभन्दा रेडियो उपयोगी हुन्थ्यो । तत्कालीन सोभियत संघको मध्यस्थतामा तासकन्दमा शास्त्री र खाँबीच ऐतिहासिक तासकन्द सम्झौता सम्पन्न भएको थियो । तर सम्झौता भएको राती तासकन्दमै मुटुको व्यथाले लालबहादुर शास्त्रीको निधन भएको थियो । त्यस बेला टेलिभिजन आइसकेको थिएन । सिनेमाहलहरूमा फिल्म देखाउनुभन्दा अघि भारत सरकारको फिल्म डिभिजनले पन्ध्रबीस मिनेटको न्युजरिल देखाउँथ्यो । सिनेमा हलको पर्दामा लालबहादुर शास्त्रीको लास राखेको बाकस अयुव खाँले पनि बोकेको दृश्य देख्दा म निक्कै भावुक भएको थिएँ । जेहोस् रेडियो किन्नुपर्ने मुख्य कारणमा भारत-पाक युद्धको ताजा जानकारीको लोभ नै थियो । बनारसको सारनाथमा त्यतिखेर नै मिडियमवेभको टावर राखेकाले अल इण्डिया रेडियोको प्रसारण एकदम राम्रो आउँथ्यो र रेडियो किन्ने लहर नै चलेको थियो । त्यसबाहेकको अर्को कारणमा बाहिरको हल्लाबाट बच्न रेडियो सहयोगी हुन्थ्यो । रेडियो सुन्दै लेखपढ गर्ने त्यति बेलादेखिको मेरो बानी अद्यापि निरन्तर छ ।

भारत पकिस्तान युद्धको प्रभाव नेपालका पहाडहरूमा नपर्ने कुरै थिएन । हजारौँ तन्नेरीहरू भारतीय सेनामा भर्ती भएका थिए । गाउँघरमा गाइने दाजुभाइहरू युद्धका कथा र गाथा सारङ्गीको धुनसँगै गाउँदै हिँड्थे । तर युद्धको खबर सुनाउने काम गाइनेबाट रेडियोमा सर्दै थियो । अल इण्डिया रेडियोबाट साँझ प्रसार हुने नेपाली कार्यक्रममा सेनाका जवानहरूले आफन्तलाई बोलेर पठाएको सन्देश प्रसार गरिन्थ्यो । गाउँमा यो कार्यक्रम निक्कै लोकप्रिय थियो । गाउँमा रेडियो बोकेर हिँड्दा र बास बस्दा गाउँलेहरू झुम्मिन्थे । सोझासीधा आमाबाहरू आफ्नो छोराको खबर रेडियोले भन्छ कि भनेर सोध्थे । रेडियो लिएर हिँडेपछि गाउँमा बास पाउन सजिलो हुन्थ्यो । तिर्खाएको बेला पानी खान माग्दा मोही खान पाइन्थ्यो ।

नेपालमा रेडियोको थालनी नेपालमा प्रजातन्त्र ल्याउने आन्दोलनको अङ्गको रूपमा सुरु भए पनि पञ्चायत कालभरि रेडियो नेपालले राजतन्त्र र पञ्चायती व्यवस्थालाई मजबूत पार्न महत्त्वपूर्ण भूमिका खेल्यो । बीबीसीको हिन्दी प्रसारण गाउँमा सुनिन थालेपछि, अझ खास गरी त्यसको नेपाली सेवा सुरु भएपछि विद्यमान राजनीतिक प्रणालीप्रति आलोचनात्मक दृष्टिले हेर्ने प्रवृत्ति बिस्तारै बढ्यो । २०३६ सालको परिवर्तनमा बीबीसी र अल इण्डिया रेडियोको पनि भूमिका उल्लेखनीय नै रह्यो । यसमा टेपरेकर्डरको भूमिका पनि उल्लेख गर्नु

आवश्यक छ । मदनकृष्ण र हरिवंशका *कक फाइट, यमलोक, प्यारेलाइसिस*जस्ता चोटिला व्यङ्ग्यहरूको क्यासेट गाउँगाउँमा बज्न थालेका थिए । एफएम प्रसारण सुरु नभएसम्म सत्ताइतर विचार सुन्ने सुनाउने सजिलो र सरल माध्यम क्यासेट नै थियो । २०४७ पछि मदन भण्डारीको भाषणको क्यासेट यस्तै गरी गाउँगाउँमा बजाइन्थ्यो ।

बहुदलीय व्यवस्थाको पुनर्स्थापनापछि रेडियो प्रसारणलाई सरकारी एकाधिकारबाट मुक्त गरिनु जनतालाई सुसूचित गरेर बलियो बनाउने दक्षिण एसियामै ऐतिहासिक कदम थियो । ग्रामीण पत्रिका *देउराली* प्रकाशनमा संलग्न रहेर पनि छापा माध्यमको सीमितता र रेडियोको प्रभावलाई ध्यानमा राखी हामीले सामुदायिक अवधारणाअनुरूपको रेडियो सञ्चालन गर्ने अनुमतिको लागि निवेदन दर्ता गराएका थियौं । राजधानीबाहिरबाट परेको पहिलो निवेदन पाल्पाबाट दर्ता गरिएको हाम्रो निवेदन नै थियो । अहिले ५६ ओटा गैर सरकारी रेडियोको लागि इजाजत जारी भइसकेको छ । देशको अधिकांश भागमा कुनै न कुनै एफएम सुनिन्छ । पोहोर २०६० सालमा युरोप भ्रमणमा छँदा बिहानबिहानै नेपालमा जस्तै इन्टरनेटबाट कान्तिपुर एफएम सुन्न पाउँदा आनन्द लाग्यो । सञ्चारमा भएको क्रान्तिले गर्दा अब देशमा कुनै पनि अधिनायकवादी शक्ति हावी हुन नसक्ने आशा जागेर आयो ।